बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

काभ्रेपलाञ्चोक
(कार्यक्षत्रः काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक)

पत्र संख्या ०८२।०८३
चलानी नंम्वर

मिति:२०८२/०८/१५

<u>व्यवसाय सूचिकरण सम्वन्धी सूचना</u>

बागमती प्रदेश सरकारद्धारा मिति २०८२/०४/१९ गते जारी गरिएको "प्रदेश कृषि विकास ऐन, २०८२" को दफा ४ मा "कुनै पनि व्यक्ति वा संस्थाले प्रदेशभित्र ऐनको अनुसूची-१ मा उल्लेख भए बमोजिमको पशुपन्छी तथा मत्स्य व्यवसाय सचालन गर्न सक्ने" र दफा ५ मा "प्रचलित कानुन बमोजिम दर्ता भएका पशुपन्छी तथा मत्स्य व्यवसायहरु मन्त्रालयले सम्वन्धित जिल्ला स्थित तोकेको कार्यालयमा सूचीकृत हुनु पर्ने साथै, ऐन प्रारम्भ हुनु अघि प्रदेशभित्र संचालनमा रहेका कृषि व्यवसायहरुको हकमा ऐन प्रारम्भ भएको छ महिनाको अवधिभित्र सूचीकृत हुनुपर्नेछ" साथै, दफा ६ मा "सूचीकृत भएका व्यवसाय वा संस्थाले उपजको खरिद विक्री गर्न अनुसूची-२ बमोजिमको निकायबाट अनुमतिपत्र लिनुपर्नेछ" भन्ने व्यवस्था रहेको सम्पूर्ण सरोकारवालाहरुमा जानकारी गराइन्छ।
यसै सन्दर्भमा यस कार्यालयको कार्यक्षेत्र काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्ला भित्र पशुपन्छी तथा मत्स्य व्यवसायको उत्पादन, प्रशोधन, भण्डारण र बजारिकरणसँग जोडिएर प्रचलित कानून बमोजिम दर्ता भई संचालन गरिएका व्यवसाय पशु सेवा कार्यालय, काभ्रेपलाञ्चोक तथा यस कार्यालय अन्तर्गत पशु सेवा केन्द्र, सिन्धुपाल्चोकमा मिति २०८२/१०/१९ गतेभित्र सूचिकृत गरी पशु सेवा कार्यालय, काभ्रेपलाञ्चोकबाट अनुमति प्रमाण-पत्र लिनुहुन सम्वन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>थप जानकारीका लागि</u>
डा. ब्रज किशोर ठाकुर (कार्यालय प्रमुख)
सम्पर्क नं. ९८५११६४५९४
उद्धव प्रसाद सापकोटा (सूचना अधिकारी)
सम्पर्क नं. ९८४१७५३१३७

डा. ब्रज किशोर ठाकुर
वरिष्ठ पशु चिकित्सक
अधिकृतस्तर नवौं
कार्यालय प्रमुख

*पुनश्चः व्यवसाय दर्ता तथा नविकरण सम्वन्धि दस्तुर प्रदेश कृषि विकास ऐन, २०८२ को अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ।*

फोन नः०११-४९०२६६, ०११-४९०८९२वेवसाईट: www.lsokavre.bagamati.gov.np ईमेल :vhsscdhulikhel2019@gmail.com